# गणपति लघुवित्त वित्तीय संस्था लि.
# केन्द्रीय कार्यालय दुलेगौंडा, तनहुँ
## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची - १५ बमोजिमको वार्षिक प्रतिवेदन (२०८१/८२)

**(१) सञ्चालक समितिको प्रतिवेदन :**

- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

**(२) लेखापरीक्षकको प्रतिवेदन :**

- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ।

**(३) लेखापरीक्षण भएको वित्तीय विवरण :**

- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ।

**(४) कानूनी कारवाही सम्बन्धी विवरण :**

**(क) समीक्षा अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर गरेको भए :**

- समीक्षा अवधिमा त्यस्तो कुनै मुद्दा दायर भएको छैन।

**(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा संस्थाले मुद्दा दायर गरेको वा भएको भए :**

- समीक्षा अवधिमा त्यस्तो कुनै विवरण प्राप्त नभएको ।

**(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भए :**

- समीक्षा अवधिमा त्यस्तो कुनै जानकारी प्राप्त नभएको ।

**(५) संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**

- संस्थाको शेयरको बजार मूल्य र कारोवारको निर्धारण खुल्ला बजारमा निर्भर हुने भएकोले यस सम्बन्धमा व्यवस्थापनको छुट्टै धारणा नरहेको ।

**(ख) आ.व. वर्ष २०८१/८२ को प्रत्येक त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकत्तम र न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोवार शेयर संख्या र कारोवार दिनको विवरण:**

| विवरण | प्रथम त्रैमासिक (२०८१/०८२) | दोस्रो त्रैमासिक (२०८१/०८२) | तेस्रो त्रैमासिक (२०८१/०८२) | चौथो त्रैमासिक (२०८१/०८२) |
|---|---|---|---|---|
| अधिकत्तम मूल्य | २,३२७ | १,८८३.१० | १,९७४.९० | १,६५१.२० |
| न्यूनतम मूल्य | १,३९७ | १,४८३ | १,५६४.९५ | १,४५५.५५ |
| अन्तिम मूल्य | १,५८९ | १,७३० | १,६१४.३४ | १,६४५.१० |
| शेयर कारोवार संख्या | ९,६२८ | ५,०९८ | ३,७९७ | १,८२९ |
| कारोवार दिन | ५७ | ५५ | ५६ | ६४ |

**(६) समस्या र चुनौती:**

**(क) आन्तरिक:**

- कार्यक्रम विस्तारसँगै सञ्चालन तथा प्रशासनिक खर्चमा वृद्धि हुनु ।
- फिल्डमा काम गर्ने दक्ष, प्रतिबद्ध तथा अनुभवी कर्मचारीको अभाव ।
- कर्मचारीको उच्च पदस्थापन/स्थानान्तरण दर (high turnover) ले स्थायित्वमा असर पर्नु ।
- सदस्यहरूमा वित्तीय साक्षरता, बचत संस्कार तथा ऋण व्यवस्थापनबारे अपर्याप्त ज्ञान ।

- संस्थागत प्रविधि पूर्वाधार (MIS, मोबाइल बैंकिङ, डिजिटल कलेक्शन आदि) कमजोर हुनु ।
- समयमै निगरानी, अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु ।
- प्रशिक्षण तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सीमित हुनु ।
- कर्जा मूल्यांकन तथा जोखिम विश्लेषणमा कमजोरी ।

**(ख) वाह्य:**

- मौद्रिक बजारमा समय-समयमा उत्पन्न हुने तरलता अभाव तथा ब्याजदरको चाप ।
- लघुवित्त संस्था विरुद्ध विभिन्न अराजक समूह तथा गलत अभिप्रायका गतिविधिहरू बढनु ।
- लघुवित्त वित्तीय संस्थाहरूबीच अस्वस्थ प्रतिस्पर्धा, अनावश्यक कर्जा वितरण ।
- एउटै सदस्यले विभिन्न संस्थाबाट कर्जा लिने अत्याधिक ऋणग्रस्तता (Over–indebtedness) को समस्या ।
- प्राकृतिक प्रकोप, महामारी, आर्थिक मन्दी, मूल्यवृद्धि जस्ता अप्रत्याशित परिस्थिति ।
- नियामक निकायहरूले समयमा-समयमा गर्ने नीतिगत तथा निर्देशनात्मक परिवर्तनहरू ।
- समग्र अर्थतन्त्रको सुस्त अवस्था तथा ग्रामीण क्षेत्रमा आयआर्जनका सीमित अवसर ।
- लघुवित्त-मैत्री नीति तथा ग्रामीण उद्यम विकास कार्यक्रमको अभाव ।
- सदस्यहरूको कर्जा उपयोग क्षमता तथा व्यवसायिक कौशल कमजोर हुनु ।

**(ग) रणनीति:**

- सदस्य तथा समुदायमा वित्तीय साक्षरता कार्यक्रम बढाउने ।
- कर्मचारीहरूको कार्यकुशलता, दक्षता तथा क्षमता अभिवृद्धिमा लगानी गर्ने ।
- ग्राहकको माग, प्राथमिकता तथा स्थानीय आवश्यकता अनुसार ग्राहक-मुखी सेवा विस्तार गर्ने ।
- प्रशासनिक तथा सञ्चालन कार्यहरूमा दक्षता, पारदर्शिता तथा उत्तरदायित्व बढाउने ।
- जोखिम व्यवस्थापन प्रणालीलाई सुदृढ बनाई क्रेडिट, अपरेशनल, मार्केट तथा कानुनी जोखिम कम गर्ने ।
- कर्जा जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउँदै असल कर्जा वृद्धिलाई प्राथमिकता दिने तथा खराब कर्जा घटाउने ।
- प्रविधिमैत्री सेवा विस्तार (डिजिटल कलेक्शन, मोबाइल बैंकिङ, MIS अपग्रेड) गर्ने ।
- अत्याधिक ऋणग्रस्तता रोकथामका लागि क्रेडिट इन्फर्मेसन सिस्टम (CIS) को प्रभावकारी प्रयोग गर्ने ।
- ग्रामीण उद्यम तथा आयमूलक क्रियाकलापमा सहजीकरण गर्दै सदस्यको आर्थिक सामर्थ्य बढाउने ।
- सामाजिक उत्तरदायित्व (CSR), समावेशी वित्त तथा महिला सशक्तीकरणमा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।
- आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अनुगमन प्रणालीलाई आधुनिक र परिणाममुखी बनाउने ।
- ग्रामीण क्षेत्रमा उत्पादक तथा आधुनिक सीपहरू विकास गर्न तालिम/प्रशिक्षण कार्यक्रम विस्तार गर्ने ।

**(७) संस्थागत सुशासन:**

यस संस्थाले आफनो काम कारोवार चुस्त दुरुस्त छिटो छरितो एवम् संस्थागत सुशासनलाई उच्च महत्व दिई सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ। त्यस्तै संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन, प्रचलित ऐन कानून तथा नियामकीय व्यवस्थाको पूर्ण रुपमा पालना गरी रहेको छ ।